## इजलास नं. १

**मा.न्या.श्री अनुपराज शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको दे.पु.नं. ९३६९, मोही नामसारी गरी प्रमाण पत्र पाऊँ, *रघुनाथ कामत वि. जगदीश नारायण दास*

नेपाली नागरिकताको प्रमाणपत्र नलिँदैमा नेपाली नागरिक नहुने कानूनी व्यवस्था कतै रहे भएको नपाइनुका साथै वादीका बाबु जिवछ कामत नेपाली नागरिक हो वा होइन भन्ने विषयको दावी नपरी निर्क्यौल हुने विषय पनि नहुँदा यस्तोमा नेपाली नागरिकताको प्रमाणपत्र यी वादीका बाबुले नलिएकै आधारमा निजको मोहियानी हक निजको मृत्युपश्चात् समाप्त हुने र वादी दावीबमोजिम मोही नामसारी हुन नसक्ने रहेछ भनी भन्न नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

इति संवत् २०६६ साल असोज २३ गते रोज ६ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६१ सालको दे.पु.नं. ९३७२,मोही नामसारी गरी प्रमाण पत्र पाऊँ, *रघुनाथ कामत वि. सुबोधराज प्याकुरेल*
- २०६१ सालको दे.पु.नं. ९३७१,मोही नामसारी गरी प्रमाण पत्र पाऊँ, *रघुनाथ कामत वि. कविता सुवेदी*

## इजलास नं. ४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको रिट नं. ०६४-WO-०८६४, परमादेश समेत, *रामबहादुर हमाल वि. नुवाकोट जिल्ला अदालत समेत*

जिल्ला अदालतले गरेको फैसलामा प्रक्रियागत त्रुटि, प्रमाण मूल्याङ्कनको त्रुटि वा अरु कुनै कानूनी कमजोरी देखिएमा पुनरावेदन सुन्ने अदालतले प्रमाण मूल्याङ्कन गरी निर्णय गर्न सक्ने ।

निवेदकले रिट निवेदनमा माग गरेका विषयहरूमा पुनरावेदनको सहज उपायबाट परीक्षण गरी त्रुटि देखिएमा सच्चाउन सक्ने नै देखिँदा असाधारणक्षेत्र अंगाली दायर भएको रिट क्षेत्रबाट हस्तक्षेप गर्न उचित नहुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको फौ.पु.नं. CR-५०२, कर्तव्य ज्यान, *रामबहादुर थिङ्ग समेत वि. नेपाल सरकार*

Post Mortem Report मा Stiched Cut Injury Over Scape In Occipital Region भन्ने उल्लेख भएको हुँदा सो चोट आराको पासोबाट लाग्ने प्रकृतिको नभई धारिलो हतियार खुकुरीको प्रहारबाट लाग्न सक्ने प्रकृतिको देखिँदा हठनाले मात्र आराका पासाले हानेको भन्ने पुनरावेदकहरूको कथन पनि मनासिब देखिएन । सो प्रतिवेदनमा उल्लिखित मृतकको मृत्युको कारण तथा व्यहोराबाट पुनरावेदक प्रतिवादीहरू समेतको मृतकलाई मार्ने कार्यमा सामूहिक सहभागिता रहेको भन्ने स्पष्ट हुन आउँछ। कसूरमा आफ्नो संलग्नता नभएको भन्ने पुनरावेदन जिकीर न्यायसंगत देखिएन। अस्पतालमा पुऱ्याएकोले सफाई पाउनु पर्छ भन्ने जिकीरले सफाइ पाउने अवस्था नरहने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : सीता गुरुङ्ग

इति संवत् २०६६ साल असार २४ गते रोज ४ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको फौ.पु.नं. ०६३-CR-०६५६, कर्तव्य ज्यान, *राजु तामाङ्ग वि. नेपाल सरकार,* २०६४ सालको फौ.पु.नं. ०६४-CR-००८६, *नेपाल सरकार वि. दिपेश गुरुङ्ग*

फौजदारी मुद्दामा प्रत्यक्षदर्शी व्यक्तिको भनाई नै सबैभन्दा बलियो प्रमाण हो। त्यसमा पनि प्रतिवादीको मौकाको साविती बयानमा उल्लिखित व्यहोरा र प्रत्यक्षदर्शी विवेक गुरुङको भनाई आपसमा एक अर्कामा मिली समञ्जस्यतामा आधारित रहेको देखिँदा त्यस्तो प्रमाणलाई अकाट्य प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने।

प्रतिवादी राजु तामाङउपरको अभियोग दावी खम्बीर रुपमा Beyond Reasonable Doubt स्थापित भैरहेकोले कसूरबाट सफाइ पाउने कुनै गुन्जाइस देखिएन। मृतकसँगको पहिलेदेखिको झगडा, वारदातस्थलमा झ्यालढोका तोडी पसेको वास्तविकता र सामूहिक रुपमा मृतकप्रति आक्रमण गरी मृतकलाई छुरी प्रहार गरेको कारण मृतकको मृत्यु भएको देखिँदा अ.वं. १८८ नं. बमोजिम सजायमा छुट पाउन सक्ने मनासिब आधार र कारण पनि विद्यमान रहे भएको नदेखिने।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : सीता गुरुङ्ग

इति संवत् २०६६ साल असार २४ गते रोज ४ शुभम्।

४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको साधक नं. RC-००५८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कुलबहादुर खाँड समेत*

अदालतले सामान्यतया अभियुक्त प्रतिवादीहरूको अनुपस्थिति वा उपस्थित भएर सावित भएको अवस्थामा पनि केवल त्यतिलाई मात्र पूर्ण आधार नमानी अन्य तथ्यहरू तथा तथ्यहरूलाई समर्थन वा पुष्ट्याई गर्ने आधार, कारण र स्वतन्त्र प्रमाणहरूको पनि विवेचना गरेर मात्र निर्णयको निष्कर्षमा पुग्दछ। यस्तो कुरा अदालतको पद्धति, परम्परा न्यायको मान्य सिद्धान्त र यसप्रतिको जनविश्वासको द्योतक पनि हो। यसैकारण अदालतले कुनै एकमात्र आधारमा फैसला गर्न नसक्ने।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम्।

५.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको साधक नं. RC-००१५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लालबहादुर मादेन फागो लिम्बु समेत*

अदालतसमक्षको वयानमा साविती, मौकामा बुझिएका मानिसहरूको किटानी व्यहोरा, मृतकका बाबुको किटानी जाहेरी, मौकामा बुझिएका अदालतमा बकपत्र गर्ने मानिसहरूको किटानी बकपत्र, शव परीक्षण प्रतिवेदन, घटनास्थल लाश जाँच मुचुल्काबाट देखिएका विभिन्न चोट र निलडाम समेत एकआपसमा मिलेको देखिई Chain of Evidence बाट एउटा तथ्यले अर्को तथ्यलाई समर्थन गरेको देखिँदा उक्त कर्तव्य समूहमा नभै एकै जनाले मात्र गरेको हो भन्न नमिल्ने।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६५ साल फागुन ९ गते रोज ६ शुभम्।

६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६० सालको स.फौ.पु.नं. ३२४८, भ्रष्टाचार, *नोरजंग कार्की वि. नेपाल सरकार*

तथ्ययुक्तरुपमा पुष्ट्याई नगरी केवल जिकीर लिनुलाई मात्र मुद्दामा कुनै आधार र प्रमाण पेश गरेको भन्न नमिल्ने ।

पुनरावेदकले नक्कली ठहर भएको प्रमाणपत्र बढुवाको लागि पेश गरेको हो भनी अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा आफैंले लेखिदिएको र अदालतमा गरेको वयानलाई पुनरोक्ति गर्दिन भनी स्वीकार गरेको अवस्थामा निजले उक्त प्रमाणपत्र पेश गर्नुमा कुनै आपराधिक मनसाय र वदनियत थिएन, उक्त प्रमाणपत्रबाट बढुवा नभएको हुँदा सजाय हुनुपर्ने होइन भनी लिएको जिकीर आफैमा विरोधाभाषपूर्ण भई तथ्यलाई भ्रममा राख्न खोजेको काल्पनिक कथनलाई अदालतले प्रमाणमा लिन नसक्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६५ साल असार २६ गते रोज ६ शुभम् ।

७.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको रिट नं. ३२२९, उत्प्रेषण समेत, *शम्भुनाथ तिवारी वि. मालपोत कार्यालय पर्सा वीरगंज समेत*

अदालतको फैसलासमेतबाट व्यक्ति विशेषको हक अकाट्य रुपमा स्थापित भै हाल शहरी क्षेत्रको नापीको अवस्थामा साविकको जग्गा नै विभिन्न ४ कित्ताहरूमा विभाजन भई नापी भएको यस स्थितिमा जग्गा नाप जाँच ऐन, २०१९ को ११(ख) तथा मालपोत ऐन, २०३४ को दफा ७ (३) को अधिकारको अपभ्रंसात्मक व्याख्यान गरी कसैले विधिवत रुपमा पाउनु पर्ने जग्गाधनी प्रमाणपूर्जा रोक्का गर्न कानूनद्वारा विपक्षीहरूलाई अधिकार प्रदान गरेको नदेखिँदा २०५८।६।८ को नापी विभागको पत्र तथा उक्त पत्रलाई आधार बनाई २०६०।८।२४ मा अनाधिकार रुपमा १ नं. नापी गोश्वरा वीरगंज पर्साले निवेदकको जग्गाधनी प्रमाणपूर्जा दिन नमिल्ने भनी रोक्का राख्न दिएको पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६५ साल असोज २५ गते रोज १ शुभम् ।

८.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३२७६, उत्प्रेषणयुक्त परमादेश, *बैकुण्ठबहादुर थापा वि. शिक्षक सेवा आयोग सानोठिमी भक्तपुर समेत*

निवेदकले जुन पदमा बढुवा हुनुपर्ने भनी निवेदन जिकीर लिएका हुन् त्यो पदमा निजको बढुवा भैसकेको यस अवस्थामा रिट निवेदनको औचित्यभित्र प्रवेश गरी रहन नपर्ने ।

इजलास अधिकृत : युवराज गौतम
कम्प्युटर : नम्रता बास्तोला
इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

९.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३३४७, उत्प्रेषणयुक्त परमादेश, *प्रतिमान बनजन समेत वि. शिक्षक सेवा आयोग सानोठिमी समेत*

सिन्धुली जिल्लाअन्तर्गतको प्राथमिक शिक्षक द्वितीयको विज्ञापन नं. ६१।०६० अन्तर्गतको बढुवामा बढुवा समिति, बढुवा समितिको निर्णयमा उजूरी सुन्ने निकाय दुवैको टेबुलेसनका साथै सबै रिट निवेदक एवं विपक्षीहरूको कार्यसम्पादन मूल्याङ्कन गरिएको कार्यसम्पादन मूल्याङ्कन फाराम र निजहरूको व्यक्तिगत फारम समेत मगाई इजलासबाट भिडाउँदा कुनै पनि सम्भाव्य उम्मेद्‌वारहरूको कार्यसम्पादन मूल्याङ्कन वा टेबुलेशन सीट केरमेट गर्ने, सच्याउने गरेको नदेखिँदा निवेदकहरूको आरोप झुठ्ठा देखिने ।

इजलास अधिकृत : युवराज गौतम
इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४ सालको दे.पु.नं. CI-०६७१, लिखत दर्ता बदर, *दीक्षाकुमारी शाह समेत वि. पासोदेवी कलवार्नी*

घरको मुख्य लोग्ने मानिसलाई घर व्यवहार चलाउनका लागि पिता पुर्खाको पालाको अचलमा आधासम्म बिक्री वा अन्य कुनै व्यहोराले हक हस्तान्तरण गरिदिँदा स्वास्नी छोरा, अविवाहित छोरी वा विधवा बुहारीको मञ्जूरी लिन नपर्ने गरी सुविधा प्रदान गरेको देखिने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : सीता गुरुङ्ग

इति संवत् २०६६ साल जेठ ३१ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको दे.पु.नं. ८७०१, अपुताली हक कायम, *डिल्लीबहादुर के.सी. वि. चन्द्रकला के.सी.*

अपुतालीको ६ नं. को तत्कालीन व्यवस्थाले पनि अंश मिसाई बसेको अवस्थामा मात्र सो अंशियार छोराले मात्र अपुताली पाउने स्पष्ट भएकोमा अंश मिसाई बसेको लिखत प्रमाणको अभावमा आफ्नो एकलौटी अपुताली कायम हुनुपर्छ भन्ने पुनरावेदन जिकीर निरर्थक देखिने ।

इजालस अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

यसै लगाउको निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६२ सालको दे.पु.नं. ८६९९, लिखत खिचोला अपुताली समेत, *डिल्लीबहादुर के.सी. वि. लालबहादुर के.सी. समेत*
- २०६२ सालको दे.पु.नं. ८७००, अंश, *डिल्लीबहादुर के.सी. वि. तुल्साकुमारी के.सी.समेत,* ८७०२, *देवबहादुर के.सी. वि. तुल्साकुमारी के.सी. समेत*

३.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको रिट ०१४०, उत्प्रेषण परमादेश, *गणेशबहादुर खड्का वि. जिल्ला प्रशासन कार्यालय दैलेख समेत*

वैकल्पिक उपचारको मार्ग प्रशस्त भैरहेको अवस्थामा सोको अवलम्बन नगरी बैकल्पिक उपचारको अभाव रहेको भनी रिटक्षेत्रमा प्रवेश गर्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवंत् २०६६ साल असार १५ गते रोज २ शुभम्

४.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको रिट नं. ०३८८, उत्प्रेषण परमादेश, *पदमकुमार लामा वि. प्रहरी प्रधान कार्यालय नक्साल समेत*

निवेदकले अति बिलम्ब गरी ६ वर्षभन्दा बढी समयपछि मनासिवमाफिकको कारण नदेखाई उपचारको माग गरेको देखिएकोले त्यस्तो बिलम्ब गरी आएको रिट निवेदनबाट निवेदकको मागबमोजिमको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवंत् २०६६ साल असार २९ गते राज २ शुभम्

५.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं. १०२, आयकर (आ.व.२०५७/५८), *रणबहादुर श्रेष्ठ वि.चाईना इन्टरनेशनल वाटर एण्ड इलेक्ट्रिक कर्पोरेशन*

अग्रीम कर कट्टा गरेर मात्र भुक्तानी हुनुपर्ने रकममा अग्रीम कर कट्टा गरेको रहेनछ भने त्यसरी खर्च लेखिएको रकमलाई आयकर प्रयोजनको लागि खर्च कट्टा गर्न नपाइने भन्ने स्पष्ट कानूनी व्यवस्थालाई अनदेखा गरी अग्रीम कर कट्टि नगरी भुक्तानी गएको रकममा लाग्ने करसम्म असूलउपर गरी बाँकी खर्च मिन्हा दिई कानूनबमोजिम गर्नु भनी राजस्व न्यायाधीकरणको फैसलालाई कानूनबमोजिम भएको भन्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवंत् २०६६ साल जेठ १९ गते राज ३ शुभम्

६.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको दे.पु.नं. ९१७४, लिखत दर्ता बदर दर्ता कायम, *जितन महतो समेत वि. उमादेवी महतोको मु.स.गर्ने अशोक महतो समेत*

लेनदेन व्यवहारको १० नं. लाई मात्र पकड्दा घर व्यवहार चल्न चलाउन मुस्किल भै पारिवारिक एवं सामाजिक दायित्वबाट विमुख हुनुपर्ने अवस्थाको सिर्जना हुन जान्छ भने अंशबण्डाको १९(१) नं.लाई मात्र पकडेर व्याख्या गर्दा मूली मान्छे विचलन, गैरजिम्मेवार भएको अवस्थामा अन्य अंशियारहरूको अंश जस्तो नैसर्गिक हक संरक्षण नभई हनन् हुन जाने भएकाले ती दुवै कानूनी व्यवस्थालाई एकसाथ राखेर दुवै कानूनी व्यवस्थाको मर्म र भावनालाई संरक्षण गर्दै यस्ता विवादहरूको निपटारा हुनुपर्ने ।

इजलास अधिकृत : युवराज गौतम

कम्प्युटर : नम्रता बास्तोला

इति संवंत् २०६६ साल जेठ ४ गते राज २ शुभम्

७.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको रिट नं. ०३०८, उत्प्रेषण परमादेश, *बलराम ढुंगेल वि. पनियादेवी चौधरी समेत*

नरमकरम नमिलेको भन्ने सम्बन्धमा जग्गाको आकृति प्रकृति नखुलेको अवस्थामा स्थलगत सर्जमिन गर्न पठाइएको र सोही सर्जमीन व्यहोराबमोजिम नै दावीको जग्गा नरमकरम मिलाई जग्गाधनी र मोहीलाई आधा-आधा जग्गा बाँडफाँड गरेको भन्ने भूमिसुधार कार्यालयको निर्णयबाटै देखिएको अवस्था हुँदा कानूनी प्रक्रिया अवलम्वन नगरेको स्थिति नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : नम्रता बास्तोला

इति संवंत् २०६६ साल जेठ २१ गते राज ५ शुभम्

## इजलास नं. ६

**१.**

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** २०६४ सालको दे.पु.नं. १३६, निषेधाज्ञा, *कैलाश कार्की समेत वि. महानगरीय प्रहरी परिसर काठमाडौं समेत*

निवेदकहरूसमेत आबद्ध रहेका संस्थाका पदाधिकारीले विपक्षी सहकारी संस्थाबाट लिएको ऋण असूल गर्ने प्रयोजनका लागि कानूनबमोजिम आवश्यक कारवाहीको प्रक्रियाअगाडि बढाउन ऋण प्रदान गर्ने संस्थाले नपाउने भनी अदालतले निषेध गर्न नमिल्ने ।

दुई संस्थाबीच भएको आर्थिक कारोवारको विषयमा ठगीमा जाहेरी परी अनुसन्धान तहकिकातको कारवाही भैरहेको भन्ने देखिएकोमा कानूनबमोजिम अनुसन्धान तहकिकात गर्न अधिकारप्राप्त निकायलाई निषेधाज्ञाको आदेशद्वारा अदालतले रोक लगाउन कानूनतः नमिल्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

- यस्तै प्रकृतिको २०६४ सालको दे.पु.नं. १३७, निषेधाज्ञा, *कैलाश कार्की समेत वि. जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत,* २०६४ सालको दे.पु.नं. १४८, *गीता राणा समेत वि. जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** २०६४ सालको दे.पु.नं. १२७८, निषेधाज्ञायुक्त परमादेश, *सन्देशकेतन ढुंगाना वि. नेपाल सरकार समेत*

वडा प्रहरी कार्यालय गौशालासमेतले विद्यालयका सटरको भाडाका विषयमा निवेदन परी निवेदकलाई बोलाई सम्झाउने कामसम्म भएको हो निजलाई थुन्ने, धरपकड गर्ने कार्य नगरिएको भनी लिखित जवाफ लगाएको र मिसिल संलग्न कागज प्रमाणहरूबाट निवेदकलाई विपक्षीहरूले गैरकानूनी रुपमा पक्राउ गर्ने, धरपकड गर्ने थुन्ने समेतको कार्य गर्ने आशंकाको स्थिति विद्यमान रहेको नदेखिने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६६ साल असार २५ रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको दे.पु.नं. २०६४-CI-०१३५, निषेधाज्ञायुक्त परमादेश, *द्वारिकालाल श्रेष्ठ वि. रविनलाल चित्रकार समेत*

प्रत्यर्थीले भवन निर्माण गर्न पाएको इजाजत पत्र यथावत् कायमै रहेको र सो इजाजत पत्र अनुरूपको घरको निर्णय कार्यसमेत भइसकेको देखिएको अवस्थामा निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

इति संवत् २०६६ साल जेठ १४ रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको दे.पु.नं. २०६३-CI-०९६६, परमादेश, *रामबहादुर थापा वि. राष्ट्रिय वाणिज्य बैंक बिशालबजार*

एकातर्फ बाबु छोरा एकसगोलमा रही कारोवार गर्दैआएको र अर्कोतर्फ निवेदकको धितो फुकुवा नगर्न विपक्षी मुख्य शाखा कार्यालय बिशालबजारलाई अनुरोध गर्ने सोही बैंकको शाखा कार्यालयलाई निवेदकले विपक्षी बनाउन सकेको समेत नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल जेठ १४ गते रोज ५ शुभम् ।

५.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको दे.पु.नं. ८४३९, छिपछिपेको जग्गा दर्ता बदर, *मालपोत कार्यालय कावासोती, वि. पुनरावेदन अदालत समेत*

मालपोत कार्यालयबाट एक पटक छुट जग्गा दर्ता गर्ने गरी भएको निर्णय पुनः सोही कार्यालयलाई बदर गर्ने स्पष्ट कानूनी आधार नदेखिएको र विवादित जग्गाहरू प्रत्यर्थीहरूले पारित राजीनामाबाट हक प्राप्त गरेको साविक हक भोग प्रमाण भित्रको भएको भनी छुट जग्गा दर्ता समितिको सिफारिशमा दर्ता गर्ने निर्णय भएकोमा वन सीमाभित्र नपर्ने भनी स्पष्ट यकीन नगरी भएको भन्ने समेतको कारण देखाई निजहरूका नाममा छुट जग्गा दर्ता गर्ने गरी भएको आफ्नो पहिलेको निर्णय बदर गर्ने गरी मालपोत कार्यालयबाट भएको निर्णय कानूनसंगत नदेखिने ।

इजलास अधिकृत : खड्गराज अधिकारी

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६५ साल माघ २१ गते रोज ३ शुभम् ।

६.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको फौ.पु.नं. ३५९४, कपडा चोरी पैठारी, *मनी मुसलमान वि. कृष्णनगर भन्सार कार्यालय कपिलबस्तु*

कुनै अभियुक्तले अन्य व्यक्तिउपर समेत पोल गरी गरेको साविती बयान अन्य कुनै स्वतन्त्र र विश्वसनीय प्रमाणहरूबाट समर्थित नभएमा निज पोलिएको व्यक्तिविरुद्ध प्रमाण बनाउन नहुने भन्ने न्यायिक सिद्धान्तसमेतको आधारमा ट्रक विदेशमा ट्रकधनीले नै पठाएको भन्ने प्रमाणबाट पुष्टि नभएको, ट्रकधनी इन्कार रहेको, ड्राइभरले आफू अपराधबाट बच्न ट्रकमालिकलाई देखाउनु अस्वाभाविक नहुँदा र निज चालकको पोल एक मात्र आधार बनाई ट्रकधनीलाई कसूरदार ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : गीता के.सी.

इति संवत् २०६६ साल भदौ १ गते रोज २ शुभम् ।

७.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रणबहादुर वम,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०४३०, अंश, *क्षेत्रबहादुर थापा मगर समेत वि. केशरी थापा मगर*

अंश तायदाती फाँटवारीमा अरुको अंश नलाग्ने निजी आर्जनको भनी उल्लेख गरेको सम्पत्ति के कस्तो कारणले प्रमाणले निजी आर्जनको हो सो कुरा पुष्टि गर्ने आधिकारिक प्रमाण प्रतिवादी पक्षले गुजार्न पेश गर्न सकेको नदेखिँदा त्यस्तो सम्पत्ति निजी आर्जनको नठहरी वादी समेतको सगोलको आर्जन मानिने भै सो सम्पत्तिमा सबै अंशियारको अंश हक लाग्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : शर्मिला महर्जन

इति संवत् २०६६ साल असार १० रोज ४ शुभम् ।

८.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रणबहादुर वम,** २०६३ सालको रिट नं. निवेदन नं. ०६३, उत्प्रेषणयुक्त परमादेश, *हरिप्रसाद सिटौला वि. चितवन जिल्ला अदालत समेत*

वैकल्पिक उपचारको व्यवस्था अवलम्बन नगरी सीधै रिटमा प्रवेश गरेकोले प्रस्तुत रिट निवेदनको औचित्यमा प्रवेश गरी हेरिरहनु नपर्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल साउन १८ रोज १ शुभम् ।

९.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रणबहादुर वम,** २०६१ सालको रिट नं. निवेदन नं. २९३२, उत्प्रेषण मिश्रित परमादेश, *मनोज मिश्र मैथिल बाहुन समेत वि. घरेलु तथा साना उद्योग कार्यालय*

जुन आर्थिक वर्षको लागि तालिम कार्यक्रम सञ्चालन गर्ने भनिएको हो उक्त आ.व. नै व्यतीत भैसकेकाले त्यस्तो तालिम सञ्चालन गर्नु भनी रिटक्षेत्रको प्रयोग गरी दुई निकायबीच आपसी सम्झौताद्वारा तय भै सञ्चालन हुने द्विपक्षीय विषयलाई अदालतले हस्तक्षेप गरी आदेश दिन उपयुक्त नहुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल साउन १८ रोज १ शुभम् ।

१०.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-०४४०, जबर्जस्ती करणी उद्योग, *नेपाल सरकार वि. यज्ञनिधि तिम्सिना*

प्रतिवादीको कसूर स्थापति हुने शंकारहित ठोस सबूद प्रमाणको अभावमा प्रतिवादीलाई आरोपित कसूरबाट सफाई दिने ठहऱ्याएको शुरु

जिल्ला अदालतको इन्साफ सदर गरेको पुनरावेदन अदालतको फैसला मनासिव देखिँदा सदर हुन्छ ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल जेठ १२ गते रोज ३ शुभम् ।

११.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-०३८६, अंगभंग, *नेपाल सरकार वि. छविलाल ओली समेत,* फौ.पु.नं. ०६४-CR-०४२१, *इन्द्रबहादुर वली वि. नेपाल सरकार*

फौजदारी मुद्दामा प्रतिवादीउपरको अभियोग दावी शंकारहित तवरबाट पुष्टि हुन नसकेको यस्तो अवस्थामा निज प्रतिवादीहरूलाई कसूरदार ठहर गर्न नमिल्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार १४ गते रोज १ शुभम् ।

१२.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-००७५, ठगी, *नेपाल सरकार वि. हरिबाबु सापकोटा*

हुलाकमार्फत कार्यालयमा प्राप्त हुनआएको जाहेरी दरखास्त जाहेरवालालाई कार्यालयमा झिकाई सनाखत गराउनुको तात्पर्य सो जाहेरी दरखास्तको आधिकारिता यकीन गर्नु गराउनु हो । सोबमोजिम जाहेरवालाले उपस्थित भई सनाखत गरिदिएपछि जाहेरी दरखास्तको आधिकारिकता सुनिश्चित भएको मान्नु पर्दछ र कानूनी तवरबाट जाहेरी दरखास्तउपरको कारवाही प्रारम्भ भएको मानिनु पर्ने र यसरी जाहेरी सनाखत भएपछि जाहेरीमा उल्लिखित व्यहोराको सूचना आधिकारिक रुपबाट वादी नेपाल सरकारलाई थाहा भएको मान्नु पर्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

इति संवत् २०६६ साल असार १४ गते रोज १ शुभम् ।

१३.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. २०६४-CI-०३७२, छुट जग्गा दर्ता, *मालपोत कार्यालय पाँचथर वि. बालधोज लावती समेत*

न्यायिक, अर्धन्यायिक वा प्रशासकीय जुनसुकै निकाय वा पदाधिकारीले कानूनले प्रदान गरेको अधिकार प्रयोग गरी कुनै निर्णय गर्दा प्राकृतिक कानून र कानूनको उचित प्रक्रिया ( Due Process Of Law) का केही आधारभूत सिद्धान्तहरूलाई पालना गर्नुपर्दछ जसमध्ये त्यस्तो निर्णय तर्कपूर्ण र विवेकसम्मत (Reasoned Decision) हुनुपर्ने ।

निर्णयकर्ताले निर्णयको निमित्त मात्र निर्णय गर्ने नभई तथ्य र प्रमाणको वस्तुगत विश्लेषण गरी कानून र विवेकका आधारमा तर्कपूर्ण (Reasoned) निर्णय गर्नुपर्दछ । Decision Without Reason Is No Decision भन्ने कानूनको सर्वोपरि सिद्धान्तसमेत भएकोले अधिकारप्राप्त अधिकारीले यसरी आधार र कारणको विवेचना नगरी गरेको निर्णय कानूनबमोजिमको निर्णय हुन नसक्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार १४ गते रोज १ शुभम् ।

१४.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको फौ.पु.नं. ०६३-CR-०५०८, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. यज्ञमान महर्जन समेत*

ज्यान मार्ने उद्योगको कसूर स्थापित हुनका लागि ज्यान मार्ने नियतले प्रतिवादीले ज्यान मार्नेसम्मको काम गरिसकेको तर बीचैमा कुनै किसिमको हस्तक्षेप वा अवरोध उत्पन्न भएका

कारण पीडितको ज्यान मर्न नपाएको भन्ने तथ्य स्थापित हुनुपर्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार १४ गते रोज १ शुभम् ।

- यस्तै प्रकृतिको २०६४ सालको फौ.पु.नं. ०६४-CR-०३८२, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. कालिमाया विश्वकर्मा* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१५.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको दे.पु.नं. ८३६५, जग्गा खिचोला, *रामआज्ञा चाई वि. रामराज तेली समेत*

आफ्नो फिराद दावी पुष्टि हुने कुनै सबूद प्रमाण पुनरावेदकले पेश गर्न नसकेको र यस अदालतबाट तोकिएको तारेखसमेत गुजारी बसेकोबाट त्यस्तो प्रमाण पेश हुनसक्ने अवस्थासमेत नरहेकोले वादीको फिराद दावी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालतको इन्साफ मिलेकै हुँदा सदर हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार १४ गते रोज १ शुभम् ।

१६.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०५९०, फैसला बदर, *शेख नेवाजी वि. मुस्तकिमा शेषिन*

लोग्नेस्वास्नी नातामा विवाद नभएको अवस्थामा स्वास्नीले आफ्नो लोग्नेसँग कानूनबमोजिम पाउने अंश माग गर्न पाउने ।

शर्तबमोजिमको कागज गरेर प्रतिवादीको अंशसमेत हरण गर्ने अधिकार प्रतिवादीलाई रहे भएको पाईदैन भने फैसला बदर गराई प्रतिवादीको अंश हकबाट प्राप्त गरेको सम्पत्ति शर्तनामाबमोजिमको कागजबाट पारित गराई लिन पाउने हक वादीलाई प्राप्त हुन नसक्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : शर्मिला महर्जन

इति संवत् २०६६ साल असार ९ गते रोज ३ शुभम् ।

यसै प्रकृतिको निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन्:

- २०६३ सालको दे.पु.नं. ०६३-CR-०३५३, कीर्ते जालसाजी, *शेख नेवाजी वि. मुस्तकिमा शेषिन समेत*
- २०६३ सालको दे.पु.नं.०६३-CI-०५८९, लिखत बदर दर्ता, *शेख नेवाजी वि. मुस्तकिमा शेषिन समेत*
- २०६३ सालको दे.पु.नं. ०६३-CR-०३५२, किर्ते जालसाजी, *शेख नेवाजी वि. मुस्तकिमा शेखिन समेत*
- २०६३ सालको दे.पु.नं. ८३२९, शर्तनामा बमोजिम लिखत पारित दर्ता, *शेख नेवाजी वि. मुस्तकिमा शेषिन समेत,* २०६३ सालको दे.पु.नं. ८३३०, *मुस्तकिमा शेषिन वि. शेख नेवाजी समेत*

१७.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ७९९१, लस लाईसेन्स बीमा दावी, *राष्ट्रिय बीमा संस्थान काठमाडौं वि. श्रीराम शर्मा*

नेपाल वायु सेवा निगम र राष्ट्रिय बीमा संस्थानबीचको बीमा कागज (Insurence Policy) लाई करारका रुपमा ग्रहण गर्नुपर्ने, करारका लागि प्रस्ताव र स्वीकृति आवश्यक हुने, सम्पन्न करार दुबै पक्षको सहमतिबाट संशोधन हुनसक्ने र करार आचरणबाट पनि सम्पन्न भएको मानिने ।

. पुनर्बीमा गर्नु नगर्नु बीमा गर्ने संस्थाको निजी कुरा हो । त्यसमा बीमा गर्ने पक्षको कुनै

सम्बन्ध र सरोकार हुँदैन । क्षति विभाजित गर्न एउटा बीमा कम्पनीले अर्को बीमा कम्पनीसँग पुनर्बीमा गराउनु तथा पुनर्बीमा गर्नेले पनि अर्को कम्पनी वा संस्थासँग पुनर्बीमा गराउनु बीमा कानूनका क्षेत्रमा मान्यताप्राप्त व्यवहार तथा कारोवार हुन । पुनर्बीमाले के भन्यो, के लेख्यो, त्यो दावीकर्तासँग सरोकार राख्ने कुरा होइन । पुनर्बीमा गर्नेले बीमा रकम दिन इन्कार गऱ्यो भन्ने आधारमा कानूनबमोजिम दावीकर्ता फिरादीले पाउनु पर्ने रकम पाउनु पर्ने होइन भन्ने तर्कसंग सहमत हुन नसकिने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार १३ गते रोज ४ शुभम् ।

१८.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको फौ.पु.नं. ०६५-CR-०१५३, कर्तव्य ज्यान, *नरी ढोली दमाई वि. नेपाल सरकार*

वारदात घट्नुभन्दा अगाडि मृतक र प्रतिवादीबीच झै झगडा वा ज्यानै मार्नेसम्मको पूर्व रीसइवी रहे भएको नदेखिएको अवस्थामा मृतकले आफूउपर गरेको दुर्व्यवहारबाट प्रतिवादी तत्काल आवेशमा आई लाठी जस्तो सामान्य हतियारले मृतकलाई प्रहार गरेको देखिएबाट ज्यानै मार्नेसम्मको मनसाय समेत नदेखिँदा प्रतिवादीले ज्यानसम्बन्धीको १४ नं. ले परिभाषा गरेअनुसारको कसूर गरेको पुष्टि हुन आएकोले प्रतिवादीलाई सोही नं. बमोजिम १० बर्ष कैदको सजाय गरेको शुरु फैसला सदर गरेको पुनरावेदनको इन्साफ मिलेकै देखिने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

१९.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९४०५, अंश, *राधिका श्रेष्ठ वि. भीमबहादुर श्रेष्ठ समेत*

वादीका पति सगोलमा अचल सम्पत्ति नभएको अवस्थामा २०२८ सालमा चल सम्पत्ति बुझी अलग भएको भन्ने देखिएको र तत्पश्चात् निजका नाममा अचल सम्पत्ति तथा सवारी साधनसमेत दर्ता भएको भन्ने देखिँदा पुनरावेदक वादीले निजका स्व. पतिको नाममा रहेको तायदातीमा उल्लिखित सम्पत्तिबाट छोराछोरीको विवाह खर्च परसारी ६ भागको १ भाग अंश पाउने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

२०.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०६३-CI-१११७, मिलापत्र बदर गरी अंश नामसारी गरिपाऊँ, *प्रभावती धोविन समेत वि. बिमला शाही (धोविन)*

प्रतिवादी प्रसाद धोवीले प्रतिउत्तर फिराउँदा वादीको अंश भाग मेरो जिम्मामा रहेको छ भनी जिकीर गरेको देखिए तापनि उक्त मिलापत्रमा वादीको अंश भाग निजको जिम्मामा रहेको भन्ने व्यहोरा उल्लेख नभएबाट यी वादीलाई अंश हकबाट बञ्चित गर्ने गरी उक्त मिलापत्र भएको देखिन आएकाले प्रभावतीबाट पछि जन्मेका छोरा मनोजसमेतलाई अंशियार कायम गरी प्रतिवादी श्रीप्रसादबाहेक अन्य प्रतिवादीहरूको अंश भागमा परेको सम्पत्तिबाट ९ भागको वादीले पाउने १ भाग अंश हकसम्मको उक्त मिलापत्र बदर हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

२१.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको फौ.पु.नं. ३०५, डाँका, *नेपाल सरकार वि. मिङमा शेर्पा*

फौजदारी मुद्दामा सहअभियुक्तको पोल शंकारहित तवरले पुष्टि हुनुपर्छ अन्यथा सो प्रमाणमा लिन ग्राह्य नहुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको फौ.पु.नं. ३३२०, डाँका चोरी, *मनी गुरुङ वि. नेपाल सरकार*

एकै रातमा डाँका अपराध गरे पनि भिन्दा भिन्दै ठाउँमा रहेको घरमा छुट्टाछुट्टै रुपमा छुट्टाछुट्टै समयमा निजले डाँका गरेको र ती सबै घरमा डाँका चोरी गरिएको धनमाल निजहरूबाट बरामद समेत भएको छ । यसरी ती सबै वारदातमा निज एकै पटक पक्रिएको भएपनि छुट्टाछुट्टै घरमा छुट्टै समयमा पटक-पटक डाँका गरेकोले एउटै बारदात भन्न उक्त चोरीको महलको ११ नं. ले नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल बैशाख २३ रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको फौ.पु.नं. ३४४९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रेम लामा*

आफ्नो अभियोग दावी प्रमाणित गर्ने कुनै स्वतन्त्र, विवादरहित एवं प्रत्यक्ष प्रमाणहरू पेश गर्न सकेको नदेखिएको स्थितिमा विना आधार प्रमाण कर्तव्य ज्यान जस्तो गम्भीर अपराधको आरोप लगाई कसूरदार ठहऱ्याई सजाय गर्न कानूनसम्मत एवं फौजदारी न्यायको सर्वमान्य सिद्धान्त समेतबाट नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल असार २९ रोज २ शुभम् ।

## इजलास नं. ८

१.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** २०६५ सालको रिट नं. ००६५, उत्प्रेषण परमादेश, *दिलीपकुमार शाह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाडौं समेत*

केवल हचुवाका भरमा मन लागेको वेला पदनाम दिने र नलागेको वेला पदनाम नदिई कर्मचारीहरूलाई स्तरवृद्धिको अनुभूति समेत नदिई साविकबमोजिमकै पदनाम दिने कार्यले एकातिर ऐनले स्वास्थ्य सेवालाई विशिष्टीकृत जनमुखी र सक्षम बानाउने गरी लिएको उद्देश्य पूर्ति हुन सक्ने देखिँदैन भन्ने अर्कोतिर स्तरवृद्धि भएका कर्मचारीहरूलाई आफ्नो वृत्ति विकास भएको अनुभूति समेत नहुने ।

राष्ट्र सेवक कर्मचारीहरूको वृत्ति विकास भएपछि वृत्ति विकासको अनुभूति हुने गरी पदनाम समेत पाउने अधिकार निजहरूमा निहित रहने ।

इजलास अधिकृत : शिशिरराज ढकाल

कम्प्युटर : धनबहादुर गुरुङ

इति संवत् २०६६ साल भदौ १० गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको साधक नं ०४२, सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ अन्तर्गतको कसूर अपराध, *नेपाल सरकार वि. दीपेन्द्रबहादुर बस्नेत*

अदालतमा उपस्थित हुन जारी भएको म्यादमा उपस्थित भई आफू उपरको अभियोग दावीलाई खण्डन गर्नुपर्नेमा प्रतिवादी उपस्थित भै खण्डनसमेत गर्न सकेको नदेखिँदा प्रतिवादी आफू जिम्माको हतियार लिई भागेको तथ्य पुष्टि हुने ।

इजलास अधिकृत : भुवनसिँह थापा

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार १९ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको २०६५ सालको साधक नं. ०४१, सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ अन्तर्गतको कसूर अपराध, *नेपाल सरकार वि. रुद्रराज गिरी* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

## इजलास नं. ९

१.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको स.फौ.पु.नं. ०६८४, लागू औषध खैरो हिरोइन, *रत्नबहादुर के.सी. वि. नेपाल सरकार*

बारदात मुचुल्का, मौकामा अधिकारप्राप्त अधिकारीसमक्षको साविती वयान कागज विधि विज्ञान प्रयोगशालाको प्रतिवेदन, प्रतिवेदकसमेतको साक्षीको बकपत्रसमेतबाट प्रतिवादीले आरोपित कसूर गरेको पुष्टि भएकाले प्रतिवादीलाई अभियोग मागदावीबमोजिम लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ) र (च) बमोजिमको निषेधित कसूर अपराध गरेको प्रमाणित हुन आएको अवस्थामा ऐ. कसूरमा निजउपर सोही ऐनको दफा १४(१)६ बमोजिम सजाय हुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ ३ गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको फौ.पु.नं. ३७१, कर्तव्य ज्यान, गर्भपतन, घरमा आगो लगाएको, *नेपाल सरकार वि. राजेन्द्रबहादुर रावत,* २०६४ सालको साधक नं. ०४७, *नेपाल सरकार वि. राजेन्द्रबहादुर रावत*

प्रतिवादीले मौकामा वयान कागज गर्दा बाल्टिनले टाउकोमा हानी मारेको भन्ने कुरालाई लाश जाँच मुचुल्का एवं टाउकोमा लागेको चोट समेतको कारण मृतकको मृत्यु भएको भन्ने समेत शव परीक्षण प्रतिवेदनसमेतले पुष्टि गरेको अवस्था भएकाले ज्यान जस्तो संगीन अपराधमा केवल अदालतमा गरेको इन्कारी एवं निजका साक्षीको बकपत्रलाई मात्र आधार मानी सफाई दिन न्यायोचित नहुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ ३ गते रोज ४ शुभम् ।

३.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको फौ.पु.नं. ००९४, लागू औषध, *दीपक राई वि. नेपाल सरकार*

लागू औषधसहित प्रहरीले पक्राउ गरेमा स्वीकार गरी केवल सो लागू औषध अन्य नचिनेका २ जनाले बोक्न दिएको भनेतापनि सो कुरालाई विश्वास गर्न सकिने कुनै आधार प्रमाण पेश गर्न नसकेकाले र बरामद भएको लागू औषध जाँच गर्न पठाउँदा समेत हेरोइन पाइएको उल्लेख भएकाले विवेचित बरामती मुचुल्का, प्रतिवादीको प्रहरी एवं अदालतको वयान Central Police Forensic Science Laboratory को प्रतिवेदनसमेतबाट प्रतिवादीको कसूर संृखलाबद्ध रुपमा पुष्टि भइरहेकोले प्रतिवादीलाई कसूर ठहर गरी कसूरको

मात्रा अनुसार १२ बाह्र बर्ष कैद र रु.१००,०००।- एक लाख जरीवानाको सजाय हुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ ३ गते रोज ४ शुभम् ।

४.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. १०६८, लिलाम बदर, *प्रकाशचन्द्र श्रेष्ठ वि. हिमालयन बैंक समेत*

सूचनाबमोजिमको लिलाम निष्क्रिय भैसकेको अवस्थामा पुनः लिलामी प्रक्रिया नअपनाई गरेको कार्य, परेको प्रस्ताव र भएको धितो मूल्याङ्कनलगायतका काम कारवाही सम्बन्धमा सम्बन्धित पक्षलाई सूचीत नगरी एकतर्फी रुपमा गरेको विपक्षी बैंकको उल्लिखित कारवाहीको प्रक्रिया त्रुटिपूर्ण एवं प्राकृतिक न्यायको सिद्धान्त समेतको विपरीत देखिने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल असार १५ रोज २ शुभम् ।

५.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको स.फौ.पु.नं. ३४५१, केही सार्वजनिक अपराध, *नेपाल सरकार वि. रघुनाथ अग्रवाल*

आफूले गरेको फैसला राय किताबमा लेखी फैसलाको पूर्ण पाठ तयारै नहुनु तथा ऐनअनुसार दण्ड सजाय गर्दा त्यसको आधार कारण नखोली मनोगत रुपमा सजाय गरेको देखिनुलाई फैसला गर्ने अधिकारीबाट निजलाई कानूनले सुम्पिएको जिम्मेवारी पूरा गरेको मान्न नसकिने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल साउन १५ रोज ५ शुभम् ।

६.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको दे.पु.नं. ८३५८, लेनदेन, *मारकण्डेप्रसाद दुबे वि. मीनलाल कर्माचार्य*

लिखतमा उल्लिखित रकम प्रतिवादीले लिए खाएको भन्ने प्रमाणबाट पुष्टि भएको र कागजमा रकम व्याज भन्ने शब्द उल्लेख नभई रकमको डबल भन्ने उल्लेख भएकै आधारले मात्र आफूले लिए खाएको रकम तिर्नु बुझाउनु पर्दैन भन्न नमिल्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल साउन १५ रोज ५ शुभम् ।

७.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६१ सालको फौ.वि.नं. १२८, अदालतको अवहेलना, *मनराम खड्का वि. आन्तरिक राजश्व विभाग लाजिम्पाट समेत*

निवेदकले दावी गरेको रकम प्रमाणहरू बुझेर यकीन नगरी निवेदकले दावी गरेकै आधारले मात्र भुक्तानी हुनुपर्छ भन्ने तर्क युक्तिसँगत भन्न नमिल्ने ।

अदालतको आदेशलाई विपक्षीहरूले पालना नै नगरेको नदेखिई प्रमाणको अभावमा रकम यकीन गर्न नसकेको भन्ने देखिन आएको तथा दावी गरेको रकम यकीन गर्नलाई सोसम्बन्धी प्रमाण निवेदकले पनि पेश गर्नुपर्ने कर्तव्य भएकोले निवेदकतर्फवाट आवश्यक प्रमाणहरू पेश गरी रकम यकीन गर्नलाई सहयोग नभएको अवस्थामा विपक्षीले मात्र आदेशको पालना नगरेको भनी अदालतको अवहेलना गरेको भन्न नमिल्ने ।

इजालस अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल साउन १५ रोज ५ शुभम् ।

८.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको दे.पु.नं. ८२३८, लेनदेन, *अहमद अन्सारी वि. अम्बिकादेवी खनाल*

रेखा तथा लेखा विशेषज्ञबाट भएको लिखत जाँच प्रतिवेदनमा उल्लिखित कपाली तमसुकको धनी खलिलको ख अक्षर लेखिएको

जलिलको ज माथि ख अक्षर सच्याई खलिल बनाइएको भन्ने रायलाई नै समर्थन गरी बकपत्र गरेको समेत देखिएको र नाङ्गो आँखाले (Naked Eye) सरसर्ती हेर्दा पनि विशेषज्ञले व्यक्त गरेको राय अन्यथा नदेखिदा तमसुक सच्याइएको भन्ने प्रतिवादीको जिकीर पुष्टि हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल साउन १५ रोज ५ शुभम् ।

९.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको साधक नं. ००३२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुमन राई*

मृतकलाई प्रहार गरेको खुकुरी प्रतिवादी सुमन राईको कोठाबाट बरामद भएको देखिने बरामदी मुचुल्कासमेतका कागज प्रमाण एवं मैले खुकुरीले राजकुमार सुनुवारको टाउकोमा हान्दा राजकुमार सुनुवार लडे भनी स्वयं यी प्रतिवादी सुमन राई शुरु अदालतमा गरेको बयान समेतबाट प्रतिवादी सुमन राईले प्रहार गरेको धारिलो हतियार खुकुरीको चोटबाट मृतक राजकुमार सुनवारको मृत्यु भएको तथ्य पुष्टि हुने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल असार १९ गते रोज ६ शुभम् ।

१०.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको साधक नं. RC-००९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामबहादुर कमरयोगी*

मृतक प्रेमनाथ योगीले आफ्नो क्षेत्रमा फिरी लगाई सिधा उठाई खाएको रिसबाट प्रतिवादी मृतकलाई मार्ने उद्देश्यले चिर्पट दाउराले टाउकोमा प्रहार गरेको कारणबाट मृत्यु भएको भन्ने कुरा पुष्टि हुन आउने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल असार १९ गते रोज ६ शुभम् ।

११.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको साधक नं. RC-०७८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अजीतबहादुर सुनुवार*

जाहेरवाला तथा मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा गरिदिएको बकपत्र लास प्रकृति मुचुल्का एवं शवपरीक्षण प्रतिवेदन समेतका साक्षी प्रमाण कागजहरूबाट अभियोग दावी पुष्टि हुन आई अधिकारप्राप्त अधिकारीसमक्षको प्रतिवादीको सावितीसमेत समर्थित भैरहेको अवस्थामा आफू निर्दोष छु भनी अदालतसमक्ष प्रतिवादीले इन्कारी वयान गरेको भए तापनि साक्षी प्रमाण समेत पेश गरी सो तथ्यलाई प्रमाणित गराउन नसकेको अवस्थामा निजको इन्कारी वयानको आधारमा मात्र निज कसूरदार होइन रहेछन् भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल असार १९ गते रोज ६ शुभम् ।

१२.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको RC-००८६, कर्तव्य ज्यान र चोरी, *नेपाल सरकार वि. देवबहादुर राना कुमाल समेत*

मृतकको लास जाँच मुचुल्कामा Cut and Hit by sharp instrument in head, the cause of death is consistent with head injury भन्ने र मृतक पदम कुमारीको शवपरीक्षण प्रतिवेदन त्यस्तै Cut and Hit by Sharp instrument on head and back . The cause of death is consistent with head injury भन्ने मृतक इन्द्रबहादुर राना कुमाल समेतको शवपरीक्षण प्रतिवेदनबाट देखिन आएको अवस्था हुँदा निज मृतकहरूको मृत्यु स्वाभाविक रुपले नभई कर्तव्यबाट मृत्यु भएको भन्ने तथ्यमा विवाद नदेखिने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल असार १९ गते रोज ६ शुभम् ।

१३.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको ०६३-CR-६८९, नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको, *गोपालप्रसाद शर्मा र नेपाल सरकार*

प्रतिवादीले नक्कली प्रमाणपत्र पेश गरी फाइदा नलिई सकेको भएपनि निजबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ अनुसारको कार्य गरी आफ्नो सेवामा फाइदा लिने उद्देश्यले योग्यता ढाँट्नेसम्बन्धी कसूर गरिसकेको मान्नु पर्ने ।

इजालस अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल साउन २३ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको २०६३-CR-०५८९, बढुवा हुने प्रयोजनको लागि झूट्ठा प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको, *सुरेशकुमार अधिकारी वि. नेपाल सरकार* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१४.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको ०६५-CR-०४७५, भ्रष्टाचार, *रमेशकुमार रिमाल वि. नेपाल सरकार*

प्रमाणपत्र जारी गर्न आधिकारीक निकायबाट प्रमाणीकरण भै आएको विवरणलाई अन्यथा भन्न नमिल्ने ।

शैक्षिक योग्यताको प्रमाणपत्रको विषयमा विवाद उठेकोमा त्यस्तो प्रमाणपत्र जारी गर्ने आधिकारिक निकायले दुई पटक गलत हो भनी पुष्टि गरी पठाएको व्यहोरालाई शंका गर्नुपर्ने ठोस आधार नहुँदा पुनरावेदक प्रतिवादीले अभियोग दावी अनुसार झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरेको मान्नुपर्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल साउन २३ गते रोज ६ शुभम् ।

१५.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको स.फौ.नं. ५२८, नकबजनी चोरी, *नेपाल सरकार वि. दिनेश चौधरी समेत*

बरामद भई आएका सामानहरू बाहेकका सामानहरू पनि प्रतिवादीहरूले चोरी गरेकै हुन भन्ने प्रत्यक्ष एवं ठोस सवुद प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा केवल जाहेरी दरखास्तमा लेखिएकै आधारमा मात्र अभियोग दावीअनुसारको कसूर अपराध ठहर गर्न नमिल्ने ।

इजालस अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल साउन १८ रोज १ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६४ सालको स.फौ.नं. ५५१, नकबजनी चोरी, *नेपाल सरकार वि. दिनेश चौधरी समेत*
- २०६४ सालको स.फौ.नं. ५४३, नकबजनी चोरी, नेपाल सरकार वि. दिनेश चौधरी समेत

१६.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको CR-०१६४, डाँका, *नेपाल सरकार वि. खुसी राउत कुर्मी समेत*

अधिकारप्राप्त अधिकारीसमक्ष सावित रहे पनि सो सावितीलाई पुष्टि गर्ने स्वतन्त्र प्रमाणहरू नपाइएको अवस्था, डाँका भएको कुनै दशी सबुद प्रतिवादीहरूबाट बरामद हुन नसकेको एवं अदालतमा बयान गर्दा प्रतिवादीहरूले कसूरमा इन्कार रहनुका साथै रुसी राउत भनी अभियोग लगाइएका व्यक्तिले आफू उक्त व्यक्ति नभई लालबिहारी राउत भएको भनी बयान गरेको देखिएको हुँदा प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रतिवादीहरू विरुद्धको अभियोग वादी पक्षबाट शंकारहित रुपमा स्थापित गर्न नसकेको अवस्थामा अभियोग दावीबाट सफाई पाउने ।

इजालस अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल साउन १८ रोज १ शुभम् ।

१७.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CI-६४१, जग्गा खिचोला चलन, *रत्नकुमारी कमिनी समेत वि. उमानिधि लोहनी*

वादीको जग्गा नापी शाखाको नक्सा ट्रेसमा उल्लिखित क्षेत्रफल अदालतबाट भई आएको नाप नक्सामा ०-०-१६.१/२ भोगमा कम देखिन्छ भने नापीबाट प्राप्त नक्सा ट्रेसमा उल्लिखित उत्तरतर्फ पनि २ मीटर, पूर्व पश्चिम कम र दक्षिणको तर्फ पनि २ मीटर पूर्व पश्चिम कम नाप देखिएकाले वादीको जग्गा प्रतिवादीले खिचोला गरेको देखिन आउने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल साउन ३२ रोज १ शुभम् ।

१८.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CI-०८५४, फैसला बदर, *हरिप्रसाद जोशी वि. मालपोत कार्यालय धनुषा समेत*

पुनरावेदकले माग गरेको उपचार निजले धनुषा जिल्ला अदालतमा दायर गरेको करार बमोजिम गरिपाऊँ भन्ने समेत मुद्दामा मिलापत्र बदर मुद्दाहरू समेतबाट प्राप्त हुनसक्ने अवस्था विद्यमान देखिँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल साउन ३२ गते रोज १ शुभम् ।

१९.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको फौ.पु.नं. ०६७८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. किशोर राउत अहिर समेत,* २०६५ सालको साधक नं. ५०, *नेपाल सरकार वि. शिवशंकर राउत*

प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा अभियुक्तहरूले कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ भन्ने व्यवस्था भएको तथा प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार पनि मौकाको कागज भनाई अदालतमा सर्मथन हुन नसकी उल्टै प्रतिवादीको सर्मथनमा बकपत्र भएकोले प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू उपर केवल जाहेरी पोलकै आधारमा मुद्दासम्म चलाएपनि आफ्नो दावी पुष्टि गर्न सकेको नपाईदा ज्यान जस्तो गम्भीर अपराधमा शंकाको भरमा कसूरदार ठहर गर्न न्यायोचित नहुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल साउन ३२ गते रोज १ शुभम् ।

२०.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ३६, जग्गा दा.खा., दर्ता गरी पाऊँ, *मेनका खोशी श्रेष्ठ वि. हेमलाल खोशी श्रेष्ठ समेत*

अदालतको फैसलाबाट नै ४ भागको १ भागमात्र पुनरावेदकको भागमा र बाँकी प्रत्यर्थी हेमलाल खोशी, लीलालाल खोशीको भागमा कायम रहने गरी फैसला भई अन्तिम भइरहेको अवस्थामा सो फैसला यथावत रहेसम्म शे.व. लिखत निष्क्रिय नै रहेको मान्नुपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल भदौ २ गते रोज ३ शुभम् ।

**इजलास नं. १०**

१.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५९ सालको फौ.पु.नं. २७२७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लीलाराज गौतम समेत*

बारदातभन्दा पहिलाको घटनाक्रम र मृतकलाई घर फर्काएको अवस्था समेत नभएको र घटनाबाट पीडित जाहेरवालाले घटनाको तत्काल पछि जाहेरी दरखास्तको माध्यमद्वारा लिखित रुपमा व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १०

(१)(क) र (ख) बमोजिम अदालतले प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल भदौ २९ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको फौ.पु.नं. ३७१७, भ्रष्टाचार, *सुरेशदेव भट्ट वि. नेपाल सरकार*

प्रतिवादीले विहार इन्टरमिडियट शिक्षा परिषद् पटनाको आइ.ए. स्तरको प्रमाणपत्र पेश भएको देखिएको र राष्ट्रबैंकको पत्रबाट सो प्रमाणपत्रको अङ्क बढुवा प्रयोजनको लागि गणना समेत भएको भनी उल्लेख गरी पत्र पठाएको समेत देखिन्छ । यसबाट प्रतिवादीले कार्यक्षमताको आधारमा बढुवा भएको हुँ भनी लिएको जिकीर तथा सो प्रमाणपत्र मैले पेश गरेको होइन भनी लिएको जिकीर समेत खण्डित भएको अवस्थामा सो प्रमाणपत्र बढुवा पाउने प्रयोजनले पेश गरेको देखिएबाट बदनियतपूर्वक सो नक्कली शैक्षिक प्रमाणपत्र पेश गरेको देखिन आउने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल भदौ २३ गते रोज शुभम् ।

३.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-CI-००६४, बेच बिखनको आदेश गरिपाऊँ, *अजयप्रताप सिँह वि. मालपोत कार्यालय रुपन्देही*

मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयले गरेको के कस्तो विषयको निर्णयमा पुनरावेदन लाग्ने भन्ने स्पष्ट कानूनी व्यवस्था गरेको र प्रस्तुत विवादको विषयमा मालपोत कार्यालयले गरेको आदेश उपर पुनरावेदन लाग्न सक्ने प्रकृतिको विषयको दायराभित्र पर्न अएको नदेखिदा त्यस्तो पुनरावेदनउपर पुनरावेदन अदालतले तथ्यभित्र प्रवेश गरी प्रमाणको विश्लेषण, मूल्याङ्कन गरी ठहर इन्साफ गर्न नमिल्ने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल भदौ ७ गते रोज १ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६५-CI-००६३, बेच बिखनको आदेश गरिपाऊँ, *योगेन्द्र सिँह समेत वि. मालपोत कार्यालय रुपन्देही*
- २०६५ -CI-००६२, बेच बिखनको आदेश गरिपाऊँ, *अबधेशकुमार सिँह वि. मालपोत कार्यालय रुपन्देही*

४.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको दे.पु.नं. ८५३५, निर्णय बदर, *रामचन्द्र जोशी समेत वि. रामबहादुर माझी समेत*

आफ्नो भनी दावी गर्ने पक्षले नै आफ्नो हक भोगको प्रमाण पेश गर्न सक्नु पर्ने ।

मुद्दामा विवादित जग्गा यी वादीहरूको हक दर्ताको हो भन्ने कुराको कुनै लिखत वा दर्ता स्रेस्ता, तिरोभरो जस्ता अभिलेखीय प्रमाण छ, न त वादीहरूको लामो निर्विरोध जोतभोगसम्बन्धी प्रमाण प्रमाणित हुने गरी प्रमाण पेश गर्न नसकेकोले दावी गरिएको जग्गामा वादीहरूको हक कायम गर्न नमिल्ने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल साउन २० रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६२ सालको दे.पु.नं. ८५३३, निर्णय बदर, *रामचन्द्र जोशी समेत वि. मन्धिर माझी समेत*
- २०६२ सालको दे.पु.नं. ८५३४, हक कायम, *रामचन्द्र जोशी समेत वि.जहरी साउद समेत*

५.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको दे.पु.नं. ८३८०, नापी निर्णय बदर, *दलबहादुर माझी वि. पदम सिँ खड्का*

सविक दर्ता र २००८ सालको मिलापत्रबमोजिम प्राप्त गरेको विवादित जग्गाका सम्बन्धमा २०२२ सालदेखि नै विवाद सिर्जना भई तह-तह फैसला भइआएको छ। वास्तविक स्वामित्ववाला वादीले सोही जग्गामा प्रतिवादीको भोगलाई वादीले पनि स्वीकार गरी बसेको अवस्था छैन र यसरी विवादित जग्गाको वास्तविक हकवाला वादीले हक हस्तान्तरण गरेको अवस्था नभएको र साविक दर्ता र मिलापत्र समेतबाट उक्त विवादित जग्गा वादीको हक र स्वामित्वभित्रको देखिँदा प्रतिवादीको नाममा भएको दर्ता कानूनबमोजिम भएको मान्न नमिल्ने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल साउन २० रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन् :

- २०६० सालको दे.पु.नं. ८३७६, नापी निर्णय बदर, *खड्के नगी वि. पदम सिँ खड्का*
- २०६० सालको दे.पु.नं. ८३७७, नापी निर्णय बदर, *नरबहादुर माझी समेत वि. महेन्द्रबहादुर खड्का*
- २०६० सालको दे.पु.नं. ८३७८, नापी निर्णय बदर, *दलबहादुर माझी वि. पदम सिँ खड्का*
- २०६० सालको दे.पु.नं. ८३७९, नापी निर्णय बदर, *सारु माझी वि. पदम सिँ खड्का*
- २०६० सालको दे.पु.नं. ८३८१, नापी निर्णय बदर, *चनी माझी वि. पदम सिँ खड्का*
- २०६० सालको दे.पु.नं. ८३८२, नापी निर्णय बदर, *मौरी नेगी वि. पदम सिँ खड्का*
- २०६० सालको दे.पु.नं. ८१००, नापी निर्णय बदर, *सारु माझी समेत वि. महेन्द्रबहादुर खड्का*

६.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०५९ सालको दे.पु.नं. ८१५१, अंश दर्ता, *शोभी चौधरी समेत वि. राजवतदेवी चौधरी समेत*

वादीका पिताले २००६।११।२८ मा प्र.सुरतलाललाई जग्गा राजीनामा गरी लिखत पारित गरिदिएको तथा वादीमध्येका रेशमलालले खेलीरामबाट कर्जा लिएर २०२९।६।१० मा गरिदिएको तमसुक एवं मिसिल संलग्न मालपोत कार्यालयको पत्रमा उल्लेख भएको छुट्टाछुट्टै दर्ताको व्यहोराबाट समेत वादीहरूका पिता नथरुका नाउँमा तथा प्रतिवादीहरूका पिताका नाउँमा २००४ सालमा छुट्टाछुट्टै जग्गा दर्ता भएकोबाट एवंम् भूमिसुधार लागू हुँदा पृथक-पृथक ७ नं. फाराम भरिएको समेतबाट वादीका पिता तथा प्रतिवादीहरूका पिता नै साविकमा छुट्टी भिन्न भएको प्रमाणित हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल भदौ ३ गते रोज शुभम् ।

७.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको रिट नं. ३३७९, उत्प्रेषणयुक्त परमादेश, *मगनु यादव समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले मालपोत ऐन, २०३४ को दफा ३१ अनुसार पुनरावेदन गर्न पाउने कानूनी उपचारको बाटो नअपनाई त्यसतर्फको म्याद व्यतीत भैसकेपछि र धेरै विलम्ब गरी प्रस्तुत रिट निवेदन दायर गरेको देखिँदा निवेदन माग दावी अनुसारको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल भदौ ४ गते रोज ५ शुभम् ।

८.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको रिट नं. ३३९०, उत्प्रेषणसमेत, *महेन्दर शाह समेत वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

अनियमित तरिकाबाट वा निर्धारित प्रक्रिया र शर्त पालन नगरी नियुक्ति भएको अवस्थामा नियुक्ति अनियमित भएको छ भनी लोकसेवा आयोगबाट परीक्षणकाल १ वर्षभित्र लेखी आएमा निजलाई सो समयभित्र हटाउनु पर्नेछ भनी स्पष्ट समयावधि तोकी बाध्यात्मक रुपमा व्यवस्था गरेकाले अनियमित नियुक्त भएको भए नियमले तोकेको समयभित्र हटाउन पर्नेमा परीक्षणकाल १ बर्षभित्र हटाएको नभै नियमले तोकेको समय सीमाभित्र कारवाही गरी हटाएको नदेखिने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

इति संवत् २०६६ भदौ ३० गते रोज ३ शुभम् ।

९.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको रिट नं. २८६१, उत्प्रेषण परमादेश समेत, *सुशीलकुमार विश्वकर्मा वि. रेडियो प्रसार सेवा विकास समिति समेत*

रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०५७ को नियम ५७(३) मा माथिल्लो पदमा बढुवाको लागि उम्मेद्वार हुन आफू बहाल रहेको पदको लागि न्यूनतम् शैक्षिक योग्यता आवश्यक हुने व्यवस्था गरे पनि सो नम्बरको प्रतिवन्धात्मक वाक्यांशमा हाल कार्यरत् कर्मचारीको हकमा सेवाको पदमा तोकिएको न्यूनतम् शैक्षिक योग्यता नपुगेको भएपनि यो नियमावली लागू भएपश्चात् एक तहसम्म माथिल्लो पदमा बढुवाको लागि बाधा पर्ने छैन भन्ने स्पष्ट प्रावधान गरेको देखिँदा विपक्षीहरूको बहाल रहेको पदको लागि आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यता नभए पनि नियमावली लागू भएपछि एक पटकसम्म बढुवा हुन उक्त शैक्षिक योग्यता आवश्यक नपर्ने ।

इजलास अधिकृत : लिलाराज अधिकारी

इति संवत् २०६६ भदौ ३० गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको रिट नं. ३३१७, उत्प्रेषण समेत, *सुनीलकुमार विश्वकर्मा वि.रेडियो प्रसार सेवा विकास समिति समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१०.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ३५६०, उत्प्रेषण, *कुन्साज वाङमो शालु वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय काठमाडौं समेत*

निवेदकले प्रयोगमा लिई रहेको जग्गामा निजको हक अधिकार स्वामित्व नै नरहेको स्थितिमा सो जग्गाबाट घर पर्खाल हटाउँदा निजको कुनै हक हनन् हुने नभएको र हक अधिकार नै नभएको व्यक्तिलाई सो विषयउपर मुद्दा दिने हकदैया (Locus Standi) भएको देखिँदैन ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६६ भदौ ३० गते रोज ३ शुभम् ।

११.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको रिट नं. ३१०४, उत्प्रेषणयुक्त परमादेश समेत, *सीताराम दाश वैरागी वि. जिल्ला प्रशासन कार्यालय पर्सा समेत*

बकसपत्रमा पिता रामदासलाई चेला छोरा भनी लेखेको र उपरोक्त उल्लिखित मुद्दा समेतबाट यी निवेदक सीताराम दास वैरागी रामचन्द्र दास वैरागीको अवसानपछि सो निजी गुठीको वास्तविक चेला छोरा रहेछन् भन्ने तथ्य विवादरहित रुपमा देखिने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

इति संवत् २०६६ भदौ ३० गते रोज ३ शुभम् ।

**एकल इजलास**

१.

**मा.न्या.श्री गौरी ढकाल,** २०६६ सालको WO-००५९, उत्प्रेषण समेत, *भजानन्द झा वि. पुनरावेदन अदालत राजविराज समेत*

निवेदकले निवेदनमा उठाएको विषय जिल्ला अदालतमा विचाराधीन अंश मुद्दाबाट फैसला हुँदाका अवस्थामा विचार हुने नै भएकाले जिल्ला अदालतबाट भएको फैसलाउपर निवेदकको पुनरावेदन गर्ने अधिकार पनि सुरक्षित नै रहेको अवस्थामा यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोग गरी शुरु जिल्ला अदालतमा विचाराधीन मुद्दाको कारवाहीको सिलसिलामा भएको आदेशउपर परेको प्रस्तुत निवेदनबाट यस अदालतले हस्तक्षेप गर्न नमिल्ने ।

इति संवत् २०६६ साल साउन १९ रोज २ शुभम् ।

२.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६६ सालको रिट नं. ०२१३, उत्प्रेषणयुक्त परमादेश, *ओमप्रकाश घिमिरे वि. क्षेत्रीय शिक्षा निर्देशनालय पश्चिमाञ्चल पोखरा समेत*

२०५८ सालदेखि २०६३ सालसम्मको लामो अवधिसम्म विना सूचना विद्यालयमा गैरहाजिर भएको देखिँदा विद्यालय तथा अधिकारप्राप्त निकायलाई विद्यालयमा हाजिर हुन नसकेको भन्ने उपयुक्त सूचनाको जानकारी समेत नगराई आफूखुसी आफ्नो तोकिएको विद्यालयमा हाजीर नभै गैरहाजीर भएको कारणबाट सम्बन्धित अधिकारप्राप्त निकायबाट कानूनबमोजिम अवकाश दिएको कुरालाई अन्यथा भन्न नसकिने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल भदौ २६ गते रोज ६ शुभम् ।

३.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६६ सालको रिट नं. ०२०९, उत्प्रेषणयुक्त परमादेश, *हरिबहादुर श्रेष्ठ वि. मालपोत कार्यालय दाङ घोराही समेत*

निवेदकले दावी लिएको जग्गाको सम्बन्धमा वैकल्पिक उपचारको प्रक्रियाबाट तह-तह फैसला भै वादीको दावी पुग्न नसक्ने भनी अन्तिम फैसला भैसकेको अवस्थामा पुनः सोही विषयवस्तुमा असाधारण अधिकारक्षेत्र ग्रहण गरी इन्साफ गर्न नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल भदौ २६ गते रोज ६ शुभम् ।

## भूल सुधार

सर्वोच्च अदालत बुलेटिन २०६६, कात्तिक-१, पूर्णाङ्क ४१५, पृष्ठ ४ को इजलास नं. २ को क्रमसंख्या ६ मा मा.न्या.श्री रामप्रसाद श्रेष्ठको तपसिलबमोजिमको छुट्टै राय व्यक्त भै "प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश गर्ने" हुनुपर्नेमा अन्यथा भएकाले क्षमायाचनासहित भूल सुधार गरिएको छ ।

**- सम्पादक**

**मा.न्या.रामप्रसाद श्रेष्ठको रायः**

लिखतको अभावमा जुनसुकै कारोवारलाई करार ऐन, २०५६ को दायराभित्र समेटी उपचारको दावी गर्न नमिल्ने ।

करार ऐनबमोजिमको प्रक्रिया र न्यूनतम् मापदण्ड पूरा नगरी वादी प्रतिवादी बीचमा केवल खरीद आदेशका आधारमा भएको कारोवारलाई करार ऐन अन्तर्गत समेटी उपचार प्रदान गर्न नमिल्ने ।